आज मिति २०७८।०८।२३ गते बिहिवारका दिन साझ ४:१५ बजेको समयमा मुलुकी फौजदारी कार्य विधि संहिता, २०७४ को दफा १६४ बमोजिम गठित केन्द्रिय समन्वय समितिवाट मिति २०७५।१।१६ को निर्णय बमोजिम गठन भएको जिल्ला समन्वय समिति दार्चुलाका संयोजक नि. जिल्ला न्यायाधिवक्ता श्री लक्ष्मण खनालको संयोजकत्वमा देहाय बमोजिम सदस्यहरु एवं आमन्त्रित सदस्यहरुको उपस्थितीमा बैठक बसी देहाय बमोजिम छलफल र निर्णय गरियो,।

उपस्थिती:-

- संयोजक - नि. जिल्ला न्यायाधिवक्ता श्री लक्ष्मण खनाल
- सदस्य - स. प्र. जि. अ. श्री ज्योत्सना भट्ट जोशी
- सदस्य - प्र. ना. उ. श्री मनोहर प्रसाद भट्ट
- सदस्य सचिव - खरिदार श्री अशोक नाथ
- आमन्त्रित सदस्य - श्रेस्तेदार श्री कौशलेश्वर जवाली
- आमन्त्रित सदस्य - मे. सु. श्री आदर्श लिम्बु

छलफलका विषय:-

१) साक्षी संरक्षण सम्बन्धमा,
२) सरकारवादी मुद्दाहरुको प्रभावकारी अनुसन्धान सम्बन्धमा,
३) साक्षी बकपत्र सम्बन्धमा,।

निर्णय:-

१) साक्षी संरक्षणमा प्रहरी कार्यालयले विशेष जोड दिने निर्णय गरियो,
२) साक्षीले बकपत्र गरेको दिन नियमानुसार पाउने भत्ता भए सम्म बकपत्र सम्पन्न भएकै दिन उपलब्ध गराउने निर्णय गरियो,
३) प्रमाणमुखी वैज्ञानिक र वस्तुनिष्ठ अनुसन्धानमा जोड दिने निर्णय गरियो,
४) स्वास्थ्य परीक्षण प्रतिवेदन, लाश जाँच प्रतिवेदन लगायतका रिपोर्टहरुमा स्पष्ट रुपमा के-कसो भएको हो

रिपोर्ट उपलब्ध गराउनु पर्ने हुँदा सोही बमोजिम जानकारी गराउने निर्णय गरियो,

५) अदालतबाट साक्षी बकपत्रका लागी उपस्थित गराउने पत्र अत्यन्त छोटो अवधी राखी आउने गरेको र साक्षी उपस्थित गराउन र उपस्थित हुन कठिन देखिएको हुँदा कम्तीमा १५ दिन अगावै जानकारी हुने गरी पत्र पठाउने व्यवस्था हुन अनुरोध गर्ने निर्णय गरियो,